Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित



नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं

Volume 18, Issue 6 No. 114 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Paush 2075 (Jan.-2019)

# विभिन्न स्थानमा नयाँ बीटीएस जडान



बाधु, बाजुरा



राकम, दैलेख



बरगाउँ, हुम्ला



धाप, दार्चुला

नेपाल टेलिकमले एक करोड जीएसएम आयोजना अन्तर्गत बाँकी रहेका स्थानमा नेटवर्क विस्तार कार्य गरिरहेको छ । प्याकेज ए अन्तर्गत मध्यमाञ्चल क्षेत्र (काठमाडौं उपत्यका बाहेक), पूर्वाञ्चल क्षेत्र, मध्य पश्चिमाञ्चल क्षेत्र तथा सुदूर पश्चिमाञ्चल क्षेत्रको ५२ लाख क्षमताको नेटवर्क विस्तार कार्य तदारुकताका साथ जारी रहेको छ ।

यस अन्तर्गत चालु आर्थिक वर्षको साउन महिना यता १४३ वटा नयाँ बीटीएस सञ्चालनमा आएका छन् । ती मध्ये ११ वटा बीटीएस अति नै विकट स्थानमा रहेका छन् । दार्चुलाको धाप, हुम्लाको बरगाउँ र जुम्लाको नाराकोटलगायत विकट क्षेत्रमा ती बीटीएस जडान गरिएका छन् ।

कम्पनीको एक करोड जीएसएम आयोजना अन्तर्गत दुई प्याकेज मध्ये प्याकेज बी अन्तर्गत काठमाडौं उपत्यका तथा पश्चिमाञ्चल क्षेत्रको ४८ लाख क्षमताको नेटवर्क विस्तार कार्य पहिले नै शतप्रतिशत सम्पन्न भइसकेको छ ।

जीएसएम मोबाइल सेवामा चालु आर्थिक वर्ष

(बाँकी ४ पेजमा)

# FTTH सेवा विस्तार

नेपाल टेलिकमले मुलुकका विभिन्न शहरी क्षेत्रमा Fiber To The Home (FTTH) सेवाको वृहत विस्तारका लागि आवश्यक पूर्वाधार निर्माणका साथै सेवा वितरणमा पनि जोड दिइरहेको छ ।

यस कार्यक्रमअनुसार कम्पनीले हाल काठमाडौंको कीर्तिपुर, गोंगबु, गोठाटार, सैंबु, सुन्धारा, छाउनी, नक्साल आदि तथा काठमाडौं बाहिर भैरहवा, नेपालगञ्ज, धनगढी, जनकपुर र हेटौंडाका विभिन्न स्थानमा क्याबिनेटहरु जडान गरेर FTTH Network तयार गरी सेवा वितरण कार्य भइरहेको छ ।

सबै स्थानमा गरी १७ हजार ४०८ लाइन क्षमताको नेटवर्क हाल तयार भएको छ र सेवा वितरण समेत भइरहेको छ ।

एफटीटीएच (FTTH) सेवा अन्तर्गत इन्टरनेट सेवाको साथै आईपी प्रविधिमार्फत चल्ने भ्वाइस टेलिफोन सेवासमेत प्रयोग गर्न सकिन्छ । नयाँ लाइन जडानको समयमा भ्वाइस सेवा तीन महिनाका लागि नि:शुल्क उपलब्ध गराइएको छ ।

परम्परागत तामाको तारको सट्टामा ग्राहकहरुको घरसम्म अप्टिकल फाइबर पुर्‍याई Triple Play (Voice, High Speed Internet, Video) सेवाहरु प्रदान गर्न सकिने भएकोले ग्राहकहरुको लागि यो सेवा प्रभावकारी छ । पहिले एडीएसएल प्रयोग गरिरहेका ग्राहकले समेत एफटीटीएच सेवा अपग्रेड गरी लिन सक्छन् । यो आईपीमा आधारित सेवा हो । यसबाट गुणस्तरीय डाटा र भ्वाइस सेवा उपलब्ध हुन्छ ।

ग्राहक माझ सस्तो तथा सुलभ दरमा एफटीटीएच सेवा उपलब्ध गराउनका लागि विभिन्न प्याकेजको रुपमा सहुलियतपूर्ण महसुलमा सेवा उपलब्ध गराइएको छ । ब्यक्तिगत र कर्पोरेट ग्राहकका लागि फरक फरक महसुल दर निर्धारण गरिएको छ ।

चालु आर्थिक वर्षमा शहरी क्षेत्रका ग्राहकहरुलाई उच्च क्षमताको डाटा सेवा प्रदान गर्न काठमाडौं उपत्यकालगायत मुलुकका मुख्य-मुख्य शहरहरुमा तीन लाख क्षमताको FTTH (Fiber To The Home) नेटवर्क विस्तार गरी १ लाख ग्राहकहरुलाई सेवा प्रदान गरिने कम्पनीको लक्ष्य छ ।

# कम्पनीको एडीएसएस फाइबर विस्तार

नेपाल टेलिकमले आफ्ना सेवाहरुको स्तरोन्नती गर्दै सेवाको गुणस्तर वृद्धि गर्न अप्टिकल फाइबर नेटवर्क विस्तार कार्यलाई अघि बढाइरहेको छ ।

कम्पनीले विभिन्न स्थानमा जडान गर्ने लक्ष्य राखेको १ हजार किलोमिटर एडीएसएस (All Dielectric Self-Supporting System) अप्टिकल फाइबर मध्ये मंसिर मसान्तसम्ममा करिब ६ सय किलोमिटर जडान सम्पन्न गरिसकेको छ । बाँकी अप्टिकल फाइबर जडानका लागि समेत धमाधम कार्य भइरहेको छ ।

हालसम्म सम्पन्न भएका नेटवर्कहरुमा तामाकोशी-सिन्धुली-मन्थली, बसन्तपुर-खादबारी, हिले-भोजपुर, डडेलधुरा-दिपायल, दिपायल-सिलगढी-साँफेबगर-मंगलसेन, लमही-तुलसिपुर, सुर्खेत-दैलेख-दुल्लु, छिन्चु-सल्लीबजार र बेनी-जोमसोम-मुक्तिनाथ रहेका छन् ।

अप्टिकल फाइबर नेटवर्कमार्फत पहाडी जिल्लाका सदरमुकामहरु र विभिन्न जिल्लाका नगरपालिका तथा सहरोन्मुख क्षेत्रहरु आवद्ध हुने छन् । यसबाट हाल सञ्चालनमा रहेका ३८ एक्सचेन्ज, ३४ बीटीएस र १९ रिपिटरहरुमा अप्टिकल फाइबर जोडिने छन् ।

चालु आयोजना सम्पन्न हुँदा कुल ६४ जिल्ला सदरमुकाममा अप्टिकल फाइबर नेटवर्क विस्तार कार्य सम्पन्न हुनेछ । मुलुकभरका ७७ जिल्ला सदरमुकाममा अप्टिकल फाइबर नेटवर्क विस्तार गर्ने लक्ष्य पूरा गर्न बाँकी रहेका थप १३ जिल्लामा हाल सर्भे कार्य प्रारम्भ भइसकेको छ । यी जिल्लामा उपयुक्त प्रविधि प्रयोग गरी चरणबद्ध रुपमा कार्य सम्पन्न गर्ने योजना रहेको छ ।

बाँकी जिल्लाहरु मध्ये ताप्लेजुङ, सोलुखुम्बु, बझाङ, दार्चुला, मनाङ, जाजरकोट, रुकुम र बाजुरामा

(बाँकी ४ पेजमा)

# सहुलियत दरको भिडियो कल सेवा

नेपाल टेलिकमले बोल्न र सुन्न नसक्ने व्यक्तिहरुका लागि सहुलियत दरमा उपलब्ध गराएको भिडियो कल सेवा अधिकतम सेवाग्राहीले उपयोग गरिरहेका छन् ।

गत मंसिर मध्यसम्ममा ७ हजार २ सय ५५ जनाले यो सेवा लिएका छन् । कम्पनीले २०७३ असार ३१ देखि सहुलियत दरमा यो सेवा उपलब्ध गराइरहेको छ ।

कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बोल्न र सुन्न नसक्ने व्यक्तिहरुका लागि सहुलियत दरमा भिडियो कल तथा एसएमएस सेवा उपलब्ध गराएको हो ।

टेलिकमको मोबाइल नम्बर (सिम)मा टेलिकमको नेटवर्कभित्रको लागि मात्र उपलब्ध गराइएको यो सेवाको महसुल प्रतिमिनेट ५० पैसा (करबाहेक) तोकिएको छ । साथै बोल्न र सुन्न नसक्ने व्यक्तिहरुका लागि २०७० माघदेखि एसएमएसको शुल्क प्रति एसएमएस २० पैसा (करबाहेक) का दरले कायम गरिएको छ ।

यो सेवा लिनका लागि शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्याण परिषदबाट जारी भएको परिचय पत्र (रातो कार्ड) सहित एकप्रति फोटो र आफ्नो नागरिकताको प्रतिलिपि पेश गर्नु पर्छ । यी सबै सेवाका लागि आफूलाई पायक पर्ने नेपाल टेलिकमको काउन्टरमा सम्पर्क राख्न सकिन्छ ।




**अहिले पनि ल्यान्डलाइन टेलिफोनको बिलमा STD चार्ज भनेर आउँछ ? अब देशैभरी लोकल भएको होइन र ?**

ल्यान्डलाइन टेलिफोन अर्थात पीएसटीएनबाट कम्पनीको जीएसएम मोबाइल, सीडीएमए मोबाइल र भीस्याट सेवामा कल गर्दा चौबिसै घण्टा प्रति मिनेट रु. १।- लाग्छ। देशभर कुनै पनि ठाउँमा गरिने कल (लोकल र STD दुवै) मा लाग्ने महसुल दर समान रहेको छ।

तर ल्यान्डलाइनबाट ल्यान्डलाइनमै कल गर्दा भने एउटै एरिया कोडभित्र हुने कललाई लोकल कल र एउटा एरिया कोडबाट अर्को एरिया कोडमा हुने कललाई STD मानेर फरक फरक महसुल दर तोकिएको छ। एउटै एरिया कोड अर्थात अञ्चलमा हुने कलको महसुल दर रु. १।- प्रति २ मिनेट र एउटा एरिया कोडबाट अर्को एरिया कोडमा हुने कललाई रु. १।- प्रति मिनेट महसुल तोकिएको छ।

बिलिङ गर्दा आफ्नो अञ्चलभित्र गरिएको कललाई लोकल शीर्षकमा तथा देशभित्रका अन्य नम्बरमा गरिएका कललाई STD शीर्षकमा राखिन्छ।

**MPoS भनेको के हो ? यसबाट के सुविधा लिन सकिन्छ ?**

Mobile Point of Sales लाई छोटकरीमा MPoS भनिएको हो। नेपाल टेलिकमको GSM Prepaid मोबाइलको Top Up (Recharge) तथा GSM Postpaid, PSTN टेलिफोन तथा ADSL सेवाको बिल भुक्तानी गर्नका लागि MPoS को प्रयोग गर्न सकिन्छ। MPoS Pinless Recharge प्रविधि हो। रिचार्ज कार्डको बिकल्पको रुपमा आएको यो प्रणालीमार्फत रिचार्ज गर्दा रिचार्ज हुनुका साथै Validity Period समेत बढ्छ। हाल MPoS प्रणालीमार्फत ग्राहकलाई सेवा प्रदान गर्नका लागि विभिन्न स्थानमा Retailer हरु नियुक्त भएका छन्। ग्राहकले आफूले रिचार्ज वा बिल भुक्तानी गर्ने नम्बर उपलब्ध गराएर आवश्यक रकम तिरेमा सिधै रिचार्ज वा बिल भुक्तानी हुन्छ।

**कतिपय मोबाइलमा ई-सिमको प्रयोग गर्न सकिन्छ। नेपाल टेलिकमले ई-सिम उपलब्ध गराउछ कि गराउदैन ?**

हालसम्म नेपाल टेलिकमले इलेक्ट्रोनिक सिम अर्थात ई-सिम उपलब्ध गराउने गरेको छैन।

**जीएसएम मोबाइलमा भिडियो कल सेवा लिनका लागि के गर्नु पर्छ ?**

भिडियो कल सेवा सबै नम्बरमा एक्टिभ गरिएको हुन्छ। यसका लागि कुनै छुट्टै व्यवस्था गरिएको छैन। तर यसका लागि भिडियो कल सपोर्ट गर्ने मोबाइल सेट भने हुनु आवश्यक छ। सेटमा भ्वाइस कल जस्तै भिडियो कलको अप्सन पनि आउछ। सो अप्सनको प्रयोग गरी सिधै अर्को नम्बरमा डायल गर्न सकिन्छ। अनि कल रिसिभ गर्ने व्यक्तिको सेट पनि भिडियो कल सपोर्ट गर्ने हुनु पर्छ।

**मोबाइलबाट विभिन्न ५ नम्बरमा सस्तो दरमा कल गर्न सकिने FNF सुविधा लिनका लागि के गर्नु पर्छ ?**

नेपाल टेलिकमका जीएसएम तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलबाट कम्पनीकै नेटवर्कभित्रका ५ वटा नम्बरमा कल गर्दा सस्तो दरमा कल गर्न सकिने सुविधा छ। यसलाई Friends and Family (FNF) सुविधा भनिन्छ।

यो सुविधा अन्तर्गत GSM Prepaid मोबाइलबाट नेपाल टेलिकमको नेटवर्कभित्रका कुनै ५ वटा नम्बरमा कल गर्दा प्रति मिनेट ७० पैसा मात्र महसुल लाग्ने छ।

ग्राहकले Friends and Family सुविधा लिनका लागि शुरुमा FNFSUB*MDN लेखेर १४१५ मा SMS पठाउनु पर्छ। यहाँ MDN भन्नाले नेपाल टेलिकमको नेटवर्कभित्रका टेलिफोन नम्बर बुझिन्छ। त्यसैगरी अन्य थप ४ वटा नम्बर पनि क्रमशः थप्नका लागि FNFADD*MDN लेखेर १४१५ मा SMS पठाउनु पर्छ। एक पटकमा एउटा मात्र नम्बर SMS गर्नु पर्छ।

| SN | Description | Remarks |
|---|---|---|
| 1 | For Subscription : FNFSUB*MDN | Send SMS to 1415 |
| 2 | To add FNF member : FNFADD*MDN ( 1 MDN at a time) | |
| 3 | To modify FNF member : FNFMOD*OLD MDN*NEW MDN | |
| 4 | To delete FNF member : FNFDEL*MDN | |
| 5 | To Inquiry FNF member : FNFINQ | |

नोट : MDN = NT phone number (CDMA , PSTN, GSM )

GSM postpaid सेवाबाट पनि ५ वटा नम्बरमा कल गर्न सकिने व्यवस्था गरिएको छ। ती नम्बरमा कल गर्दा प्रति मिनेट ५५ पैसा मात्र महसुल लाग्ने छ।

यो सुविधा लिनका लागि FNF पछि Space राखि क्रमशः ५ वटा नम्बरहरु लेखेर १४०० मा SMS पठाउनु पर्छ।

- For Subscription : Type FNF<space>Number1<space>Number2<space>Number3<space> Number4<space>Number5 and send to 1400

CDMA Prepaid/postpaid सेवामा पनि उपरोक्त Friends and Family सुविधा उपलब्ध छ। CDMA Prepaid सेवामार्फत Friends and Family सुविधा लिएका नम्बरहरुमा कल गर्दा अब प्रति मिनेट ७० पैसा र CDMA Postpaid सेवामार्फत यो सुविधा लिएका नम्बरहरुमा कल गर्दा प्रति मिनेट ५५ पैसा महसुल लाग्छ। CDMA Prepaid/postpaid सेवामा पनि माथि उल्लेखित GSM Prepaid सेवामा जस्तै गरी सुविधा लिन सकिन्छ।

यी बाहेक 'नेपाल टेलिकम' एपको प्रयोग गरेर पनि सिधै यो सुविधा लिन सकिन्छ।

- उल्लेखित महसुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन।

- यो सुविधा लिएवापत थप कुनै शुल्क लाग्दैन।

# नेपाल टेलिकम मोबाइल एप

नेपाल टेलिकमले आफ्नो मोबाइल एप 'नेपाल टेलिकम' (Nepal Telecom) लाई परिमार्जन गरी नयाँ रुपमा प्रस्तुत गरेको छ।

नयाँ एपमार्फत नेपाल टेलिकमका जीएसएम, सीडीएमए, पीएसटीएन, एडीएसएल, एफटीटीएच, वाइम्याक्सलगायतका सेवाहरुको बारेमा जानकारी प्राप्त गर्नुको साथसाथै अन्य विभिन्न सुविधाहरु उपभोग गर्न सकिन्छ।

यो एपबाट उपलब्ध गराइएका सुविधा उपयोग गर्न सुरुवातमा गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरबाट 'नेपाल टेलिकम' (Nepal Telecom) एप डाउनलोड गर्नु पर्नेछ।

**दर्ता (Register) गर्ने तरिका :**


पहिलो पटक डाउनलोड गर्ने ग्राहकले तल उल्लिखित विधि अपनाई दर्ता गर्नु पर्ने हुन्छ।

- गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरबाट 'नेपाल टेलिकम' (Nepal Telecom) एप इन्स्टल गर्नुहोस्।
- एप खोलेर तल पुछारमा देखिएको Register Option छानी तल उल्लिखित जानकारी उपलब्ध गराई Registration गर्नुहोस्
  - Name (नाम)
  - Email (इमेल)
  - Mobile Number (नेपाल टेलिकमको मोबाइल नम्बर)
  - Password (आफ्नो इच्छा अनुरुपको)
  - Date of Birth (जन्म मिति)
  - Gender (लिङ्ग)
- 'I agree to all the Terms and Condition' Select गर्नुहोस।
- Register Option सेलेक्ट गर्नुहोस। नेपाल टेलिकमबाट तपाईंको मोबाइलमा Confirmation Code प्राप्त हुनेछ। उक्त कोड राखी Submit गर्नुहोस्।
- Nepal Telecom APP को Log In पेजमा गई Mobile Number र माथि राखेको Password प्रयोग गरि Login गर्नुहोस्।

यसरी नेपाल टेलिकमको मोबाइल नम्बरमार्फत रजिष्टर गरेपछि यो एप चलाउन सकिन्छ। यो एप चलाउँदा मोबाइल डाटाको शुल्क लाग्ने छैन। त्यसै गरि यो एप मार्फत www.ntc.net.np मा Redirect हुँदा पनि मोबाइल डाटाको शुल्क लाग्ने छैन।

**एप मार्फत प्राप्त हुने मुख्य सुविधाहरु :**

- नेपाल टेलिकमका विभिन्न सेवाहरु सम्बन्धी जानकारी लिन।
- नेपाल टेलिकमले उपलब्ध गराएका विभिन्न प्याकेजहरु खरिद गर्न।
- कुन प्याकेज खरिद गरेको र कति र कहिलेसम्म बाँकी छ सो जानकारी सहजरुपमा प्राप्त गर्न।
- ब्यालेन्स हेर्न।
- ब्यालेन्स ट्रान्सफर सहजै गर्न।




- रिचार्ज गर्न (पिन कोड वा कार्ड स्क्यान गरी)।
- Friends and Family (FNF) सेवा निशुल्क

(बाँकी ३ पेजमा)

(२ पेजको बाँकी)

## नेपाल टेलिकम मोबाइल ...

रुपमा Activate गरि आफूले चाहेका ५ वटा नेपाल टेलिकमका मोबाइल तथा ल्यान्डलाइन नम्बरमा सस्तो दरमा कल गर्न ।

- आफन्त वा साथीलाई विभिन्न प्याकेजहरु (Gift Packs) पठाउन ।
- भ्यालु एडेड सर्भिस (VAS) : जस्तै Missed Call Alert (MCA) सुचारु गर्न, बन्द गर्न र स्ट्याटस बुझ्न ।
- नेपाल टेलिकमका विभिन्न सेवाहरुमा समस्या आएमा Complain गर्न ।
- विभिन्न सेवाहरुको Bill Payment गर्न ।

यो एपमा लग इन गर्ना साथ मोबाइलमा भएको ब्यालेन्स रकम तथा नेपाल टेलिकमको प्याकेज खरिद गरेको भए सो बारे जानकारी प्राप्त गर्न सकिन्छ । पछिल्लो अवस्थामा विभिन्न प्रकारका प्याकेज खरिद गरी सेवा उपभोग गर्ने प्रचलन बढ्दै गएकाले विशेष गरी त्यस्ता प्याकेज खरिद गर्नका लागि यो एपबाट सहज हुने छ । रिचार्ज कार्डबाट कम्पनीका विभिन्न सेवाको बिल भुक्तानी पनि यही एपमार्फत गर्न सकिन्छ । कम्पनीको फेसबुक लगायतका सोसल मिडियासमेत यहींबाट प्रयोग गर्न सकिन्छ ।

यस एपबाट १००, १०१, १०२ जस्ता इमर्जेन्सी नम्बरहरु डायल गरी आवश्यक सेवा लिनुका साथै १९७, १४९८ आदि नम्बरमा डायल गरी कम्पनीका विभिन्न सेवाका बारेमा सोधपुछ गर्न पनि सकिन्छ । उक्त एपमा कम्पनीले उपलब्ध गराउदै आएका सम्पूर्ण सेवाहरुको महसुल दर बारे जानकारी लिन पनि सकिन्छ । भविष्यमा अन्य सेवाहरु पनि थप गर्दै लैजाने योजना रहेको छ ।

# कम्पनीले सञ्चालन गरेका विभिन्न सेवाको महसुल दर


| सि.नं. | सेवाहरुको विवरण | महसुल दस्तुर | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राजश्व | जडान दस्तुर | धरौटी | स्वामित्व | मु.अ.कर | दर्ता | सेटको खर्च | Activation Charge | TSC | Talk Value/ Usage Charge | कुल जम्मा |
| क) | **आधारभूत टेलिफोन (Land Line)** | | | | | | | | | | | |
| १ | नयाँ टेलिफोन जडान (New Telphone Installation) | | ३२० | ७५० | १००० | १३० | ५० | | | | | २२५० |
| २ | ठाउँसारी (Place Transfer) | २८३ | | | | ३६ | | | | | | ३२० |
| ३ | नामसारी सामान्य (Ownership Transfer Gen.) | १०० | | | १००० | १४३ | | | | | | १२४३ |
| ४ | नामसारी मृतक (Ownership Transfer Death) | १०० | | | १००० | १४३ | | | | | | १२४३ |
| ५ | कलर आई डि (Caller ID) | ० | | | | ० | | | | | | Free |
| ख) | **ए.डि.एस.एल. सेवा (ADSL)** | | | | | | | | | | | |
| | **Unlimited Package** | | | | | | | | | | | |
| १ | 1 Month 5Mbps | ६२६।५२ | | | | ९२।०४ | | | | ८१।४५ | | ८०० |
| २ | 6 Month 5 Mbps | ३३६७।५३ | | | | ४९४।६९ | | | | ४३७।७८ | | ४३०० |
| ३ | 1 Year 5 Mbps | ६२६५।१७ | | | | ९२०।३५ | | | | ८१४।४७ | | ८००० |
| ४ | जडान शुल्क | | २०० | | | | | | | | | २०० |
| | **Volume Based Package** | | | | | | | | | | | |
| ५ | 1 Month 15 GB 5 Mbps | १५६।६३ | | | | २३।०१ | | | | २०।३६ | | २०० |
| ६ | 1 Month 25 GB 5 Mbps | २३४।९४ | | | | ३४।५१ | | | | ३०।५४ | | ३०० |
| ७ | 1 Month 40 GB 5 Mbps | ३१३।२६ | | | | ४६।०२ | | | | ४०।७२ | | ४०० |
| ८ | जडान शुल्क | | ३०० | | | | | | | | | ३०० |
| ग) | **WIMAX Internet सेवा** | | | | | | | | | | | |
| | **Volume Based Package** | | | | | | | | | | | |
| १ | 1 Month 10 GB Data | ८०० | | | | ११७।५२ | | | | १०४ | | १०२१।५२ |
| २ | 3 Month 30 GB Data | २१०० | | | | ३०८।४९ | | | | २७३ | | २६८१।४९ |
| ३ | 6 Month 100 GB Data | ६००० | | | | ८८१।४० | | | | ७८० | | ७६६१।४० |
| ४ | 12 Month 200 GB Data | १०००० | | | | १४६९ | | | | १३०० | | १२७६९ |
| ५ | 12 Month 500 GB Data | २०००० | | | | २९३८ | | | | २६०० | | २५५३८ |
| ६ | 12 Month 1 TB Data | ३५००० | | | | ५१४१।५० | | | | ४५५० | | ४४६९१।५० |
| ७ | जडान शुल्क | | २०० | | | | | | | | | २०० |
| घ) | **सि.डि.एम.ए. सेवा (CDMA)** | **राजश्व** | **जडान** | **धरौटी** | **स्वामित्व** | **मु.अ.कर** | **दर्ता** | **सेटको** | **Activation** | **TSC** | **Talk Value/** | **कुल** |
| १ | सि.फोन पोष्टपेड (WF 820) | | ३२० | ७५० | १००० | १३० | ५० | २५०० | | | | ४७५० |
| २ | सि.फोन प्रिपेड (CT 800 P) | | ३२० | | | | ५० | २५०० | | | २००० | ४८७० |
| ३ | सि.डि.एम.ए. पोष्टपेड मोबाइल (Sky Post-Paid) | | | ३८० | १००० | १३० | | | | | | १५१० |
| ४ | CDMA Prepaid Skyphone (With PDSN/EVDO) | ७३।०९ | | | १।५७ | १०।३५ | | | | ४।९९ | | ९० |
| ५ | नामसारी सामान्य (Ownership Transfer Gen.) | ५०० | | | १००० | १९५ | | | | | | १६९५ |
| ६ | CDMA Skyphone With EVDO Enable (Voice & Data) | ७३।०९ | | | १।५७ | १०।३५ | | | | ४।९९ | | ९० |
| ङ) | **जि.एस.एम. मोबाइल सेवा (GSM Mobile)** | | | | | | | | | | | |
| १ | जि.एस.एम. पोष्टपेड मोबाइल (NTC Mobile) | | | ३८० | १००० | १३० | | | | | | १५१० |
| २ | जि.एस.एम. प्रिपेड मोबाइल (Namaste Mobile) | ७३।०९ | | | १।५७ | १०।३५ | | | | ४।९९ | | ९० |
| ३ | लुज सिम/रिम (Loose SIM/RIM) | ४४।२५ | | | | ५।७५ | | | | | | ५० |
| ४ | म्याद नाघि बिग्रिएका सिमलाई पुन: सञ्चालन गर्दा | ७३।०९ | | | १।५७ | १०।३५ | | | | ४।९९ | | ९० |
| ५ | जि.एस.एम. थ्रि.जी. प्रिपेड (GSM 3G Data Card) | ७३।०९ | | | १।५७ | १०।३५ | | | | ४।९९ | | ९० |

## विभिन्न स्थानमा ...

(१ पेजको बाँकी)

२०७५/७६ मा पोष्टपेडतर्फ ५९ हजार ८ सय ३० लाइन र प्रिपेडतर्फ २५ लाख ५० हजार मोबाइल लाइन बितरण गर्ने लक्ष्य लिइएको छ । मोबाइल सेवाप्रति ग्राहकहरुको बढ्दो रुचिलाई ध्यानमा राखी प्रमुख शहरहरुमा 4G सेवा सञ्चालनका लागि प्रक्रिया आरम्भ भइसकेको छ ।

मुलुकभर गुणस्तरीय 3G सेवा उपलब्ध गराउने लक्ष्यसहित यस आर्थिक वर्षमा थप स्थानमा 3G उपकरण जडान गरी सेवा विस्तारको कार्य तीव्रताका साथ भइरहेको छ । मुलुकका सातै प्रदेशमा 4G/LTE सेवा बिस्तार गर्न बोलपत्र आव्हान भइसकेको छ र यसै आर्थिक वर्षभित्र आवश्यक उपकरण जडान तथा नेटवर्क विस्तार गरी सेवा सञ्चालनमा ल्याइनेछ । आधुनिक प्रविधिहरु उपयोग गर्दै कम्पनीले जीएसएम विस्तारको कार्यलाई थप चुस्त पार्ने लक्ष्य लिएको छ ।



नाराकोट, जुम्ला



पञ्चकन्या, तेह्रथुम

## कम्पनीको एडीएसएस...

(१ पेजको बाँकी)

नेपाल विद्युत प्राधिकरणको पूर्वाधार पुग्ने अवस्थामा रहेकोले अब यी जिल्ला सदरमुकामलाई समेत अप्टिकल फाइबरले जोड्नका लागि कम्पनीले आवश्यक तयारी गरिरहेको छ । हुम्ला, मुगु, डोल्पा, जुम्ला र कालिकोटमा भने विद्युत सुविधा उपलब्ध नभएकाले यसका लागि आवश्यक अध्ययन भइरहेको छ । बाँकी अन्य जिल्लाहरुमा भने विभिन्न प्रविधिको प्रयोग गरी कम्पनीले पहिले नै अप्टिकल फाइबर पुर्‍याइसकेको छ ।

अप्टिकल फाइबर नेटवर्क विस्तार भए पछि कम्पनीको भ्वाइस र डाटा सेवा अझ गुणस्तरीय हुनेछ । कम्पनीको ब्याकबोन प्रसारण निर्देशनालय, अप्टिकल आयोजना कार्यान्वयन विभागले यो योजनालाई अगाडि बढाइरहेको छ ।

# मनोरञ्जनका लागि उपयोगी एप्स

नेपाल टेलिकमले जीएसएम तथा सीडीएमए (प्रिपेड/पोष्टपेड) सेवाका ग्राहकको सुविधाको निम्ति वाइफाई वा डाटा सेवाको प्रयोग गरी विभिन्न मनोरञ्जनात्मक र उपयोगी मोबाइल एप्स चलाउन सकिने व्यवस्था गरेको छ ।

उक्त एप्स मार्फत गीत संगीत सुन्न, लाइभ टिभी र सिनेमा हेर्न तथा शैक्षिक सामग्रीलगायतका सेवाहरु उपभोग गर्न सकिने व्यवस्था रहेको छ ।

मोबाइल एपमार्फत उपलब्ध हुने सेवा वाइफाई प्रयोग गरेर वा मोबाइल डाटा प्रयोग गरेर उपयोग गर्न सकिन्छ । साथै मोबाइलको ब्यालेन्स प्रयोग गरेर सम्पूर्ण सेवाहरु खरिद गर्न समेत सकिन्छ ।

हाल कम्पनीले म्युजिक नेपाल, वाउटाइम, फोपी, मिदास ई-क्लास र मुभी एन मस्ती नामक एप्स मार्फत विभिन्न प्रकारका मनोरञ्जनात्मक र उपयोगी सेवा उपलब्ध गराइरहेको छ ।

### म्युजिक नेपाल

नेपाल टेलिकम र म्युजिक नेपाल प्रा.लि.को सहकार्यमा मोबाइल एप मार्फत म्युजिक स्ट्रिमिङ सेवा उपलब्ध छ । म्युजिक स्ट्रिमिङ सेवाबाट ग्राहकले एउटै प्लेटफर्ममार्फत असीमित संगीतको आनन्द लिन सक्छन् ।

म्युजिक नेपाल (Music Nepal) मोबाइल एप गुगल प्ले स्टोर तथा एप्पल आइओएस स्टोरबाट डाउनलोड गरी सो मार्फत अहिलेका लोकप्रिय गीतहरु मात्र नभई पुराना सदावहार नेपाली गीतहरु पनि चौबीसै घण्टा सुन्न सकिन्छ ।

आफ्नो रुचिअनुसारका गीतहरु छान्न, सूची बनाउन र संग्रहित गर्न पनि सकिन्छ । आफूले रुचाएका गीतहरु फेसबुकमार्फत सेयर गर्न पनि सकिन्छ ।

डाउनलोड गरेको एप खोलेर आफ्नो मोबाइल नम्बर हाल्नासाथ प्राप्त हुने पिन नम्बरलाई भेरिफाई गरी यसको प्रयोग गर्न सकिने छ ।

### वाउटाइम

वाउटाइम (WOW Time) एपमार्फत नेपाल टेलिकमका मोबाइल फोन प्रयोगकर्ताले लाइभ टिभी, मुभी, समाचार र विभिन्न विधाका भिडियो तथा एफएम एउटै मोबाइल एपमार्फत हेर्न तथा सुन्न सक्छन् ।

लाइभ टिभीमा नेपाली, हिन्दी तथा अन्य विदेशी भाषाका विभिन्न विधाका च्यानल हेर्न सकिन्छ । त्यसैगरी विभिन्न विधाका मुभी, म्युजिक भिडियो तथा टिभी शोहरु पनि हेर्न सकिन्छ । नेपालमा उपलब्ध एफएम रेडियो समेत यही एपमार्फत सुन्न सकिन्छ ।

सो मोबाइल एप गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरबाट डाउनलोड गर्न सकिन्छ । मोबाइलमा एप डाउनलोड गरी आफ्नो नाम र मोबाइल नम्बर हाल्नासाथ प्राप्त हुने पिन नम्बरलाई भेरिफाई गरी रजिष्ट्रेसन गरेपछि यसको प्रयोग गर्न सकिन्छ ।

### फोपी

फोपी (FOPI) एप मार्फत नयाँ तथा पुराना नेपाली चलचित्र, गीत, नेपाली साहित्यका उत्कृष्ट पुस्तक वा अन्य मनोरञ्जनात्मक सामग्री एकै ठाउँमा हेर्न र सुन्न सकिन्छ ।

कम्पनीका ग्राहकले मोबाइलको ब्यालेन्स प्रयोग गरेर सेवा खरिद गरी संगीतको आनन्द लिन सक्छन् । ती सामग्री किन्न पनि प्राविधिक रूपमा धेरै सरलीकृत गरिएको छ ।

सर्जक एवं स्रष्टा अनुबन्धित कृतिहरुलाई सहज माध्यमबाट दर्शक र श्रोतामाझ पुर्‍याउने र सिर्जना चोरी (पाइरेसी) नियन्त्रण गर्ने उद्देश्यका साथ यो एप ल्याइएको हो । यो एपमार्फत सर्जक, व्यक्ति अथवा मिडिया कम्पनी मिलेर आफ्ना सिर्जना दर्शक, श्रोता माझ पुर्‍याउन सक्छन् ।

फोपी एपको प्रयोग गर्नका लागि गुगल प्ले स्टोरबाट FOPI एप डाउनलोड गर्नु पर्छ । डाउनलोड गरी आफ्नो इमेल मार्फत रजिष्ट्रेसन गरेपछि यसको प्रयोग गर्न सकिन्छ ।

### मिदास ई-क्लास

विद्यालय तहमा पढाइने पाठ्यक्रम विद्यार्थीहरुलाई मोबाइल फोन, ट्याब्लेट र कम्प्युटर माध्यमबाट उपलब्ध गराई सिक्न सघाउने यो एक प्लेटफर्म हो । उक्त प्लेटफर्मको माध्यमबाट उपलब्ध गराइने शैक्षिक सामग्रीहरु श्रब्य, दृश्य माध्यममा हुने भएकाले बालबालिकालाई रुचिपूर्ण र बुझ्न तथा सम्झन सहज हुन्छ ।

नेपाल टेलिकमका ग्राहकहरुले इन्टरनेटको प्रयोग गरी मोबाइल फोन र ट्याब्लेटमार्फत मिदास ई-क्लास प्रयोग गर्न सक्छन् ।

इन्टरनेटको माध्यमबाट सामग्रीहरु उपलब्ध गराइने भएकोले ग्रामीण तथा दुर्गम स्थानका बालबालिकाले समेत सहजै शैक्षिक सामग्री प्राप्त गरी लाभान्वित हुने कम्पनीको विश्वास छ ।

मिदास ई-क्लासको प्रयोग गर्नका लागि गुगल प्ले स्टोरमार्फत MiDas eCLASS एप डाउनलोड गर्नु पर्छ । यो सुविधा उपभोग गर्न वाइफाई वा मोबाइल डाटा सेवा आवश्यक पर्छ । नेपाल टेलिकमले उपलब्ध गराएका विभिन्न डाटा प्याकहरुको प्रयोग गरी यो सेवा उपयोग गर्न सकिन्छ ।

### मुभी एन मस्ती

मुभी एन मस्ती एपमार्फत म्युजिक, लाइभ टिभी, मुभी तथा भिडियो हेर्न र सुन्न सकिन्छ । सो एपमार्फत विभिन्न प्रकारका नेपाली र हिन्दी भाषाका साथै अन्य अन्तर्राष्ट्रिय भाषाका गीत, मुभी, भिडियोहरु सशुल्क तथा निःशुल्क सुन्न र हेर्न सकिन्छ ।

मुभी एन मस्तीको प्रयोग गर्नका लागि गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरमार्फत Movi N Masti एप डाउनलोड गर्नु पर्छ । डाउनलोड गरी आफ्नो मोबाइल नम्बर हाल्नासाथ प्राप्त हुने पिन नम्बरलाई भेरिफाई गरी रजिष्ट्रेसन गरेपछि यसको प्रयोग गर्न सकिन्छ ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**